जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

मंगलमय शुभकामना

सत्यमाथि सत्यको विजयको प्रति बडा दशैंको पावन अवसरमा सम्पूर्ण श्रद्धालु, पाठक, स्रोता, दर्शक, शुभेच्छुक, विज्ञापनदाताहरुमा सुख, शान्ति र समृद्धिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं।

जनकपुर टुडे राष्ट्रिय दैनिक | रेडियो टुडे ९१ मेगाहर्ज | टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल

परिवार, जनकपुरधाम

नोट : जनकपुर टुडे पत्रिकाको कार्यालय मिति: २०८३ कार्तिक १ गतेदेखि कार्तिक ७ गते शनिबारसम्म विदा रहनेछ। कार्तिक ८ गते कार्यालय सञ्चालन हुने जानकारी गराउँदछौं। -प्रकाशक

वर्ष २८ •अंक १५१ • २०८३ साल कार्तिक १ गते आइतबार (18 October, Sunday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

## मुख्य सडक स्तरोन्नतिका लागि ठेक्का आह्वान

**टुडे समाचारदाता**

वीरगञ्ज। लामो समयदेखि प्रतीक्षामा रहेको पर्साको वीरगञ्जस्थित मुख्य सडकको स्तरोन्नति प्रक्रिया अघि बढेको छ। सडक डिभिजन कार्यालय हेटौंडाले त्रिभुवन राजपथअन्तर्गत मितेरी पुलदेखि गण्डक चोकसम्मको ८.५४ किलोमिटर सडक स्तरोन्नतिका लागि शुक्रबार ठेक्का आह्वान गरेको छ।

इञ्जिनियर दुर्गाप्रसादका अनुसार सडकलाई दुई खण्डमा विभाजन गरी स्तरोन्नति गर्न बोलपत्र आह्वान गरिएको हो। कार्यालयले प्रकाशित गरेको सूचनाअनुसार पहिलो खण्डमा मितेरी पुलदेखि घण्टाघरसम्मको चार किलोमिटर सडक स्तरोन्नति गरिनेछ।

त्यस्तै, दोस्रो खण्डमा घण्टाघरदेखि गण्डक चोकसम्मको ४.५४ किलोमिटर सडक स्तरोन्नति गरिनेछ। दुवै खण्डको बोलपत्र जमानत रकम ११ करोड ५० लाख रुपैयाँ तोकिएको छ। इञ्जिनियर प्रसादका अनुसार दुवै खण्डको स्तरोन्नति आयोजनाको कुल लागत साढे पाँच अर्ब रुपैयाँ रहेको छ। यद्यपि, बोलपत्रसम्बन्धी सूचनामा आयोजनाको कुल लागत उल्लेख गरिएको छैन।

गत वैशाखको पहिलो सातादेखि गण्डक चोकदेखि मितेरी पुलसम्म त्रिभुवन राजपथको दायाँबायाँ २५-२५ मिटर सडक विस्तारको काम सम्पन्न भएपछि मुख्य सडकको स्तरोन्नति प्रक्रिया अघि बढाइएको हो।

### दशैंको रमझमसँगै अव्यवस्थाको चाङ

# सडक अतिक्रमणले पैदलयात्रीलाई सास्ती, सरोकारवाला मौन

**टुडे समाचारदाता**

जनकपुरधाम। मिथिलाको धार्मिक तथा सांस्कृतिक नगरीसमेत रहेको मधेश प्रदेशको राजधानी जनकपुरधाममा बडादशैंको रमझम यस वर्ष निकै तडकभडकका साथ चलिरहेको छ। दशैंका अवसरमा राम मन्दिर र राजदेवी मन्दिर क्षेत्रमा दर्शनार्थी तथा श्रद्धालुको उल्लेख्य भीड लागेको छ। तर, धार्मिक उत्साह र चहलपहलसँगै सडक अतिक्रमण तथा अव्यवस्थित व्यापारका कारण जनकपुरधामको मुख्य बजार क्षेत्र अस्तव्यस्त बनेको छ।

यसपटक विगतका वर्षहरूभन्दा पनि बढी अव्यवस्था देखिएको स्थानीयको गुनासो छ। जनकपुरधामको मुख्य चोकमध्ये पर्ने राम चोक क्षेत्रमा सडक नै अवरुद्ध हुने गरी पसल तथा ठेला सञ्चालन गरिँदा पैदलयात्री र सवारीसाधन आवतजावतमा कठिनाइ भइरहेको छ। चाडपर्वको समयमा श्रद्धालुको सुविधालाई प्राथमिकता दिनुपर्नेमा सडक व्यवस्थापन प्रभावकारी हुन नसकेको भन्दै स्थानीयले असन्तुष्टि जनाएका छन्।



**बीच सडकमै ठेला, पैदलयात्रीलाई आवतजावतमा कठिनाइ**

राम मन्दिर र राजदेवी मन्दिर क्षेत्रमा खानपानका सामग्रीदेखि पूजापाठमा प्रयोग हुने प्रसादसम्मका वस्तु ठेलामा राखेर बिक्रीवितरण भइरहेको छ। सडकको बीच भाग र आवतजावत गर्ने स्थानमै व्यापार सञ्चालन हुँदा दर्शनार्थी, पैदलयात्री तथा मोटरसाइकल चालकले समेत सास्ती खेप्नुपरेको छ।

दशैंमा मन्दिर दर्शन गर्न आउने श्रद्धालुको सहज आवागमन सुनिश्चित गर्नुको सट्टा सडकलाई नै व्यापारिक स्थल बनाइएको भन्दै आलोचना भइरहेको छ। धार्मिक आस्थासँग जोडिएका मन्दिर परिसरमा व्यापारलाई व्यवस्थित गर्न नसक्दा मन्दिरको गरिमा र जनकपुरधामको धार्मिक पहिचानमाथि असर परेको स्थानीयको भनाइ छ।

राम मन्दिर र राजदेवी मन्दिर क्षेत्रमा राम युवा कमिटी र महावीर युवा कमिटीको प्रभाव रहेको उल्लेख गर्दै एक साधुसन्तले धार्मिक आस्थालाई व्यापारको माध्यम बनाउनु उचित नभएको गुनासो गरे। उनले जनाए अनुसार मन्दिरमा आउने श्रद्धालुको सुविधा, सुरक्षा र धार्मिक वातावरण कायम राख्न सम्बन्धित पक्षले जिम्मेवारीपूर्वक काम गर्न आवश्यक छ।

**जानकी मन्दिर क्षेत्रमा पनि सडक तथा फुटपाथ अतिक्रमण**

जनकपुरधामको अर्को मुख्य धार्मिक स्थल जानकी मन्दिर आसपासको अवस्था पनि उस्तै रहेको बताइएको छ। जानकी मन्दिर तथा मडवा क्षेत्रको फुटपाथमा पसल सञ्चालन गरिँदा सर्वसाधारणको आवागमन प्रभावित भएको छ। सडक र फुटपाथमा व्यापारिक गतिविधि बढे पनि त्यसलाई व्यवस्थित गर्न सम्बन्धित निकायले प्रभावकारी कदम नचालेको स्थानीयको आरोप छ।

स्थानीय सुरेश ठाकुरले जानकी मन्दिर क्षेत्रको अव्यवस्थाप्रति सरोकारवाला निकाय मौन देखिएको भन्दै असन्तुष्टि व्यक्त गरे। सडक व्यापारीको कब्जामा पर्दा पैदलयात्रीदेखि मोटरसाइकल चालकसम्मलाई आवतजावतमा समस्या भएको उनको भनाइ छ। धार्मिक तथा पर्यटकीय महत्त्व बोकेको जनकपुरधामको पहिचान जोगाउन सडक र फुटपाथलाई व्यवस्थित गर्नुपर्ने उनले बताए।

जानकी मन्दिर क्षेत्रमा फुटपाथ पसल तथा ठेला सञ्चालन गर्ने व्यवसायीसँग दिलीप साहले मनोमानी ढंगले मोटो रकम असुल गरिरहेको आरोपसमेत स्थानीयले लगाएका छन्। स्थानीयका अनुसार ठेला तथा विभिन्न सामग्री बिक्री गर्ने पसलबाट रकम उठाउने गरिएको छ। यद्यपि, उक्त आरोपको स्वतन्त्र पुष्टि हुन सकेको छैन। यस विषयमा सम्बन्धित पक्षको आधिकारिक धारणा पनि सार्वजनिक भएको छैन।

दशैंको भीड व्यवस्थापन तथा शान्ति सुरक्षा कायम गर्न नेपाल प्रहरी ठूलो संख्यामा परिचालन गरिएको दाबी गरिए पनि सडक व्यवस्थापन प्रभावकारी हुन नसकेको भन्दै आलोचना भइरहेको छ। जनकपुरधाम उपमहानगरपालिका, जिल्ला ट्राफिक प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयले सडक अतिक्रमण नियन्त्रण तथा पैदलयात्रीको सहज आवागमनका लागि पर्याप्त पहल नगरेको आरोप स्थानीयले लगाएका छन्।

धनुषा प्रहरीले यस वर्षको दशैं विगतका वर्षको तुलनामा शान्त र व्यवस्थित हुने दाबी गरेको थियो। तर, मुख्य धार्मिक स्थल आसपास देखिएको अव्यवस्थाले उक्त दाबीको कार्यान्वयनमाथि प्रश्न उठाएको छ।

चाडपर्वको धार्मिक महत्व कायम राख्दै श्रद्धालु तथा सर्वसाधारणलाई सहज आवागमनको व्यवस्था मिलाउन सडक अतिक्रमण हटाउने, ठेला तथा फुटपाथ व्यापारलाई निश्चित स्थानमा व्यवस्थापन गर्ने र नियमित अनुगमन बढाउने काममा केही साता अघिसम्म मधेश प्रदेश सरकारको गृह, कानुन तथा सञ्चार मन्त्री फकिरा महतोसमेत अतिक्रमित मुक्त अभियान चलाएका थिए। तर सो अभियानको क्रममा गरिएका अतिक्रमित खाली जग्गासमेत अहिले पूर्णतः अतिक्रमण हुनु दुर्भाग्य भएको स्थानीयवासीहरु बताउँछन्।

# मिथिलाको मौलिक पहिचान झिझियाको मौलिकता हराउँदै

**टुडे समाचारदाता**

जनकपुरधाम। मिथिला-मधेसको धार्मिक आस्था, लोकसंस्कृति र मौलिक पहिचानसँग जोडिएको झिझिया नृत्यको परम्परागत स्वरूपको मौलिकता हराउँदै गएको छ। विजयादशमीको आगमनसँगै जनकपुरधामसहित मिथिलाका विभिन्न स्थानमा झिझिया नृत्यका कार्यक्रम आयोजना हुन थाले पनि मौलिक लोकनृत्यको ठाउँमा भोजपुरी गीतमा आधारित अश्लील नृत्य प्रस्तुत गर्ने प्रवृत्ति बढ्दै गएको छ।

झिझिया नृत्यको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिने कतिपय कार्यक्रममा गाउँघरका परम्परागत झिझिया नर्तकीभन्दा आरकेष्ट्रा टोलीका डान्सरलाई प्राथमिकता दिन थालिएपछि मिथिलाको सांस्कृतिक पहिचान नै ओझेलमा पर्ने जोखिम बढेको छ।

विजयादशमी नजिकिएसँगै जनकपुरधामका विभिन्न युवा क्लब, कमिटी तथा संघसंस्थाले झिझिया नृत्यका कार्यक्रम आयोजना गरिरहेका छन्। तर, यस्ता कार्यक्रममा परम्परागत मैथिली झिझिया गीत, माटोको घैंटो र सामूहिक लोकनृत्यभन्दा भोजपुरी गीतमा डान्स गर्ने आरकेष्ट्रा टोलीको प्रस्तुति आकर्षणको केन्द्र बन्न थालेको छ।

झिझियाको नाममा आयोजना हुने कार्यक्रममा यसको मौलिक स्वरूपभन्दा मनोरञ्जन र दर्शक आकर्षित गर्ने शैलीलाई प्राथमिकता दिइँदा परम्परागत नृत्यको पहिचान कमजोर बन्दै गएको देखिन्छ।

परम्परागत झिझिया नृत्यमा महिलाहरूले अनेकौं प्वाल पारिएको माटोको घैंटो टाउकोमा राख्छन्। घैंटोभित्र बलिरहेको दियोको प्रकाशसँगै देवीको स्तुतिमा आधारित मैथिली लोकगीत गाउँदै मुसहर जातिका महिलाहरु सामूहिक रूपमा नाच्ने गरिन्छ। घटस्थापनादेखि विजयादशमीसम्म देवी मन्दिर, शक्तिपीठ र गाउँबस्तीमा प्रस्तुत गरिने यो नृत्य धार्मिक आस्था, सामुदायिक एकता र मिथिलाको लोकजीवनको अभिन्न अंग मानिन्छ।

तर, पछिल्लो समय परम्परागत झिझिया नर्तकीको सहभागिता र गाउँघरमा हुने मौलिक प्रस्तुतिमा कमी आउँदै गएको जानकारहरू बताउँछन्। यसको विकल्पमा आरकेष्ट्रा तथा व्यावसायिक नृत्य टोलीहरू सक्रिय हुन थालेका छन्। झिझिया कार्यक्रमको आकर्षण बढाउने नाममा मौलिक लोकगीत र नृत्य शैलीलाई पन्छाएर भोजपुरी गीतमा नृत्य प्रस्तुत गरिँदा झिझिया र सामान्य मनोरञ्जनात्मक कार्यक्रमबीचको भिन्नता नै मेटिने अवस्था सिर्जना भएको छ।



**व्यावसायिक मनोरञ्जनतर्फ**

झिझिया नृत्य मिथिलाको सांस्कृतिक परम्परामा गहिरोसँग जोडिएको छ। घटस्थापनाका दिन गाउँ वा नगरको डिहवार मन्दिरमा पूजापाठ गरी सुरु गरिने यो नृत्य विजयादशमीसम्म विभिन्न देवीस्थान र बस्तीमा प्रस्तुत गर्ने चलन छ। परम्परागत रूपमा महिलाहरूको समूहले रातिको समयमा घरघर तथा टोलबस्तीमा पुगेर झिझिया नाच्ने र गीत गाउने गर्थे। माटोको घैंटोमा बलिरहेको दियो, घैंटाका प्वालबाट निस्कने मधुरो प्रकाश र मैथिली गीतको लयले दसैंको वातावरणलाई विशेष बनाउँथ्यो।

लोकविश्वास अनुसार झिझिया नृत्य परिवार, सन्तान र समाजलाई दुष्ट शक्तिको प्रभावबाट जोगाउने कामनासँग सम्बन्धित छ। यद्यपि, यसको सांस्कृतिक महत्त्व अन्धविश्वासमा मात्र सीमित छैन। यसले मैथिली भाषा, लोकगीत, सामूहिक सहभागिता र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको परम्परालाई जीवित राख्दै आएको छ।

पछिल्लो समय आधुनिक मनोरञ्जनका साधनको विस्तार, नयाँ पुस्ताको बदलिँदो रुचि र परम्परागत लोककलाप्रति घट्दो आकर्षणले झिझियाको पुरानो स्वरूप प्रभावित भएको छ। यही रिक्ततामा व्यावसायिक नृत्य टोलीको प्रवेश बढ्दै गएको देखिन्छ। झिझियाका नाममा कार्यक्रम आयोजना भए पनि प्रस्तुतिमा यसको परम्परागत गीत, नृत्यशैली र सांस्कृतिक सन्दर्भ समेटिन नसक्दा मौलिकता संरक्षणको प्रश्न गम्भीर बनेको छ।

**मौलिकता संरक्षणमा चुनौती**

झिझिया नृत्यको लोकप्रियता कायम राख्न र नयाँ पुस्तालाई यससँग जोड्न जनकपुरधाममा विभिन्न युवा क्लब तथा सांस्कृतिक संस्थाले प्रतियोगिता र उत्सव आयोजना गर्दै आएका छन्। यस्ता कार्यक्रमले झिझियालाई सार्वजनिक मञ्च प्रदान गर्ने सम्भावना भए पनि प्रतियोगिताको उद्देश्य मौलिक लोकसंस्कृतिको संरक्षण हो वा केवल दर्शक आकर्षित गर्नु भन्ने प्रश्न उठ्न थालेको छ।

झिझिया नृत्यको नाममा आयोजना हुने कार्यक्रमको मूल्यांकन गर्दा सहभागीको संख्या वा दर्शकको भीडलाई मात्र आधार बनाउनु पर्याप्त हुँदैन। मैथिली लोकगीत, परम्परागत वेशभूषा, माटोको घैंटो, सामूहिक नृत्यशैली र देवी स्तुतिको निरन्तरता पनि उत्तिकै महत्त्वपूर्ण पक्ष हुन्। यी विशेषता हराउँदै गएमा कार्यक्रमको नाम झिझिया रहे पनि त्यसले प्रतिनिधित्व गर्ने सांस्कृतिक परम्परा कमजोर हुन सक्छ।

मिथिलाको पहिचान बोकेको झिझिया केवल दसैंको मनोरञ्जनात्मक कार्यक्रम होइन, यो पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको लोकसम्पदा हो। त्यसैले झिझियाको नाममा कार्यक्रम आयोजना गर्नु मात्र यसको संरक्षण होइन। यसको मूल स्वरूप, मैथिली भाषा, लोकगीत र परम्परागत नृत्यशैलीलाई जीवन्त राख्नु नै वास्तविक संरक्षण हो। अन्यथा, झिझियाको नाममा कार्यक्रम भइरहने तर झिझियाकै मौलिकता हराउँदै जाने अवस्था आउन सक्छ।






अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मधेशमा अस्थिरता

नेपालमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) को सरकार बनेदेखि राजनीतिक स्थिरता हुने र देश विकासमा ठोस उपलब्धि प्राप्त हुने विश्वास गरिएको छ । त्यस अनुरुप कार्य पनि अगाडि बढिरहेको छ । संघीय सरकार अहिले अत्यन्त शक्तिशाली छ । झण्डै दुई तिहाइ बहुमत प्राप्त रास्वपाका नेता बालेन्द्र साहको नेतृत्वमा बनेको सरकारले जनभावना अनुरुपको कयौं कामहरु थालिसकेको छ । केही कामहरुमा सरकार आलोचित पनि भइरहेको छ । तर समग्रमा देशले स्थिर सरकार पाएको छ । विगतको जस्तो सरकार खस्ने र बन्ने काम अहिले हुँदैन । साह नेतृत्वको सरकारले लामो समय शासन सञ्चालन गर्ने देखिएको छ । यसले देशको चौतर्फी विकास हुने विश्वास गरिएको छ । विकासका लागि स्थिर सरकार आवश्यक छ । संघीय सरकारले देश विकासतर्फ चालेको कदमलाई प्रशंसा गरिन थालिएको छ । तर प्रदेशहरुमा राजनीतिक अस्थिरता बढेको छ । प्रदेशहरुमा ठूला दलको वर्चस्व रहेको तर कुनै एउटा दलका बहुमत नरहेकोले चार वर्षमा नै कयौं पटक सरकार र गठबन्धन फेरबदल भइसकेको छ । गठबन्धन फेरिने क्रमसँगै प्रदेशहरुमा राजनीतिक अस्थिरता बढेको छ । त्यो अस्वभाविक होइन । गठबन्धनमा फेरबदल सांसद र नेताहरुको व्यक्तिगत स्वार्थको कारण हुने गरेको छ । खासगरी मधेश प्रदेशमा चार वर्षमा पाँच जना मुख्यमन्त्री बनेका छन् । दुई जना मुख्यमन्त्रीले त एक/एक महिना मात्र रहे । उनीहरुले विश्वासको मत नपाउँदा मुख्यमन्त्री पदबाट राजीनामा गरेका थिए ।अर्का एकजनाले पनि मुश्किलले वर्ष काटे । पछिल्ला एकजनालाई पनि वर्ष काट्न मुश्किल भएको छ । मधेश प्रदेशमा भारी बहुमत प्राप्त गरे पनि नेकपा एमालेले समर्थन फिर्ता लिएपछि कांग्रेस नेतृत्वको सरकार धरापमा परेको छ । एमालेले जनता समाजवादी पार्टी( जसपा) नेपालको नेतृत्वमा सरकार बनाउन आन्तरिक सहमति गरेको छ । नेपाली कम्युनिष्ट पार्टी(नेकपा) सरकारबाट हटिसकेको अवस्था छैन । तर सरकार बन्ने दलको पछि नेकपा पनि लाग्ने निश्चित नै छ । कांग्रेसको सरकारमा सर्वाधिक सुबिधा नेकपाले लिएको थियो । १५ बुंदे तीन दलीय सहमति कार्यान्वयन गर्न मुख्यमन्त्री कृष्णप्रसाद यादवले चासो नदेखाएको आरोप लगाउँदै एमालेले सरकार छाड्दै समर्थन समेत फिर्ता लिएको छ । मधेश प्रदेशमा चौथों वर्षमै पाँचौ मुख्यमन्त्री हुने भएका छन् । राजनीतिक अस्थिरताको कारण मधेश प्रदेशमा कुनै सरकारले ठोस कार्य गर्न सकेको छैन । पहिलो पाँच वर्ष मुख्यमन्त्री रहेका लालबाबु राउतले गरेका कामहरु नै जनतामाझ रहेको छ । मधेश प्रदेशमा राजनीतिक अस्थिरताले विकासको कार्यमात्र अवरुद्ध भएको छैन । संघीयतालाई संस्थागत गर्ने अभियान समेत कमजोर भएको छ । मधेश प्रदेश कमजोर हुँदा संघीयता विरोधीहरु सबल भइरहेको छ ।

# दुर्गा पूजाको आठौ दिन महागौरीको पूजा

*श्वेते वृषे समारूढ़ा श्वेताम्बरधरा शुचिः ।*
*महागौरी शुभं दद्यान्महादेवप्रमोदया ॥*

नवरात्रि अर्थात वडा दशैंमा दुर्गा पूजा को अवसरमा बहुत विधि-विधान पूर्वक माता दुर्गा को नौ स्वरुपको पूजा-उपासना गरिन्छ ।त्यस मध्ये आठौ दिन देवी महागौरीको पूजा हुन्छ ।कालरात्री पुजापछि माता महागौरीको पुजा गरिन्छ ।कालरात्रीमा माता दुर्गाको अत्यन्त विकराल स्वरुपको पुजा हुन्छ ।विभिन्न स्थान अनुसार कालरात्रीको पुजा विधि फरक फरक किसिमको हुन्छ ।कालरात्रीको पूजामा कतिपय स्थानमा जीवको बलि प्रदान गरिन्छ ।

आठौ दिन शान्त स्वरुपमा देखिने माता गौरीको पूजा गरिन्छ ।ममतामयी गौरीको पूजाबाट साधकहरु अलौकिक सिद्धि प्राप्त गर्छन् ।माता गौर अमोघ फलदायनी हुन् ।

भक्तको सबै प्रकारको क्लेष पखालिन्छ ।पूर्वको संचित पापपनि नष्ट हुन्छ ।उहाँको पूजा अर्चना, उपासना-अराधना अत्यन्त कल्याणकारी छ ।उहाँको कृपाले आलौकि सिद्धिको प्राप्ति हुन्छ । वडा दशैंको आठौ दिन महागौरी शक्तिको पूजा गरिन्छ ।नामले नै प्रष्ट हुन्छ की उहाँ पूर्णत :गौर वर्णको हुनुहुन्छ ।

उहाँको उपमा शंक, चन्द्र र कुंदको फूलले दिएको छ ।अष्टवर्षा भवेद् गौरी अर्थात उहाँको आयु आठ वर्षको मानिएको छ ।उहाँले धारण गर्नु भएको वस्त्र र सबै आभूषणहरुपनि स्वेत रंगको छ ।त्यसकारण उहाँलाई श्वेताम्बरधारा भनिएको छ ।उहाँको ४ वटा हात र वाहन वृषभ रहेको छ ।उहाँको वाहन वृषभ रहेकाले उहाँलाई बृषारुढापनि भनिएको छ ।



उहाँको माथिल्लो दाहिने हात अभय मुद्रामा र तलको हात त्रिशुल धारण गरेको छ ।माथिल्लो बायाँ हातमा डमरु र तलको हातमा वर मुद्रा रहेको छ ।

माता गौरीको स्वरुप अत्यन्त शान्त छ । भगवान शिवलाई पतिको रुपमा प्राप्त गर्न माता महागौरीले कठोर तपस्या गर्नु भो ।लामो समय कठिन तपस्याको कारण उहाँको रंग कालो भई हाल्यो ।माता महागौरीलाई भगवान शिवको प्राप्तिका लागि हजारौ वर्ष तप गर्नु पऱ्यो ।अन्ततःमाता महागौरीको तप सफल भयो ।भगवान भोलेनाथ प्रसन्न भै तपस्याबाट कालो र कमजोर भईसकेको महागौरीको शरिरलाई पवित्र गंगाजलले पखालेर कान्तिमय बनाई दिनु भयो ।उहाँको शरिर गौर वर्णको भयो ।त्यसकारण उहाँ महागौरीको नामले सुविख्यात हुनु भयो ।

माता महागौरीले कठोर तपस्या गरी भगवान शिवलाई वरको रुपमा पाउनु भयो ।उहाँको कठिन तपस्याले भगवान शंकर प्रसन्न हुनु भयो ।माताको त्यो गोरो स्वरुपको वडा दशैंमा आठौ दिन पूजा गरिन्छ ।उहाँ जगत कल्याणी र साधकको साधनबाट प्रसन्न भै मनोवाञ्छित फल प्रदान गर्ने जगत माता हुनुहुन्छ । माता महागौरीको नामको विषयमा कयौं कथाहरु छन् ।देवी पार्वतीको रूपमा महागौरीले भगवान शिवलाई पतिको रुपमा प्राप्त गर्न कठोर तपस्या गर्नु भयो ।

भगवान भोलेनाथको कुनै वचनबाट माता पार्वतीको मनमा ठूलो चोट लाग्यो ।उहाँ सो वचनले आहत हुनु भयो ।त्यसपछि उहाँ कठोर तपस्यामा लीन हुनुभयो ।

एवं प्रकार वर्षौ सम्म कठोर तपस्यामा लीन भएपछि माता पार्वती कैलाशमा जानु भएन् ।माता पार्वती कैलाशमा नदेखिएपछि भगवान भोलेनाथ उहाँको खोज ीगर्न निस्कनु भयो ।

भगवान भोलेनाथ माता पार्वती तपस्यामा रहेको स्थानमा पुगेपछि उहाँ ठूलो आश्चर्यमा पर्नु भयो ।माता पार्वतीको रंग अत्यन्त ओजपूर्ण थियो ।उहाँको अनुहार चाँदको जस्तो श्वेत रंगको चम्किलो र कुंद फूल जस्तो सुन्दर थियो ।उहाँको श्वेत रंगको वस्त्र र आभूषणबाट प्रसन्न भै भगवान शिव गौर वर्णको वरदान दिनुभयो ।त्यस बेलादेखि नै उहाँ महागौरीको नामले विख्यात हुनुभयो ।

# लोकतन्त्रको प्रयोगशाला भित्र फसेको नागरिक सर्वोच्चता

**पंकज कुमार यादब**

२००७ सालदेखि २०८२ सालसम्म आइपुग्दा नेपालको राजनीतिमा धेरै उथलपुथल भयो। नागरिकको अधिकार, राज्यको शक्ति र समाजमा चेतनाको स्तरमा निकै फेरबदल आएको हो । मधेश आन्दोलन, द्वन्द्व सकिएपछिको अवस्था संविधान बनाउने बेलाका चुनौती अनि वर्षौंसम्मको राजनीतिक अस्थिरताले नागरिक अधिकारलाई सधैं परीक्षा लिइरहे जस्तो भयो। २०८२ सालमा भएको आन्दोलनसम्म आइपुग्दा सरकारले देखाएको दमन, सुरक्षाकर्मीहरूको कडाइ र नेता नभए पनि आफैं सचेत भएर नागरिकले गरेको प्रतिरोधले लोकतन्त्रको असली रूप कस्तो हुनुपर्छ भन्ने बारेमा सोच्न बाध्य बनायो। पछिल्लो ७५ वर्षमा भएका घटनालाई हेर्दा नेपालको राजनीतिक संस्कारमा दमन, प्रतिरोध र सम्झौताको चक्र चलिरहेको छ। नागरिकको अधिकारलाई ठूलो स्वरमा घोषणा गरिए पनि व्यवहारमा राज्यको शक्ति केन्द्रित हुने र जवाफदेहिता नहुने भएकाले नागरिकको आवाज कमजोर बनिरहेको छ। यो अध्ययनले ती घटनालाई इतिहास, संरचना र समाजको राजनीतिक दृष्टिकोणबाट हेर्दा लोकतन्त्र किन अहिलेसम्म पनि प्रयोगशाला जस्तै मात्र छ भन्ने प्रश्न उठाएको छ।

किन प्रयोगशाला जस्तो? नेपालको राजनीतिक विकासलाई हेर्दा नागरिक सधैं परीक्षणमा परेको जस्तो देखिन्छ। संविधान बनाउँदा, आन्दोलन हुँदा, सत्ता परिवर्तन हुँदा र सामाजिक संरचनामा परिवर्तन आउँदा नागरिकको अधिकार र कर्तव्यमाथि प्रश्न उठिरहन्छ। बोल्न पाउने अधिकार र सामाजिक सञ्जाल चलाउने विषयमा नागरिक र राज्यबीच सधैं टकराव भइरहेको छ। हरेक नयाँ राजनीतिक घटना, चाहे त्यो मधेश आन्दोलन होस् वा २०८२ को युवाहरूको आन्दोलन, नागरिक अधिकार र लोकतान्त्रिक अभ्यासको जाँच गर्ने मौका बनेको छ। नेपालमा लोकतन्त्र एउटा स्थिर प्रणाली मात्र नभएर धेरै तहमा जाँच भइरहने प्रणाली हो। यहाँ शक्ति, जवाफदेहिता र नागरिकको सहभागिताको सन्तुलन सधैं परीक्षणमा हुन्छ। सरकारले नागरिकको आवाज दबाउन खोज्दा प्रतिरोध हुन्छ, नागरिक आफ्नो अधिकार र स्वतन्त्रताको लागि आन्दोलन गर्छन्, तर प्रायः ती आन्दोलनले थोरै समयका लागि मात्र सुधार ल्याउँछन्। त्यसैले नेपालमा लोकतन्त्रलाई प्रयोगशाला भन्न सकिन्छ, जहाँ नागरिक अधिकार र राज्यको शक्तिबीचको सम्बन्ध सधैं परीक्षणमा हुन्छ। यो अध्ययनले नागरिकता केवल अधिकारको कुरा मात्र नभएर लोकतान्त्रिक प्रणालीमा सहभागिता र सुरक्षाको उपाय पनि हो भन्ने देखाउँछ। नागरिकको अधिकारको कुरा बारम्बार उठ्छ तर दमन र प्रतिरोधको चक्रले लोकतन्त्रलाई कमजोर बनाउने खतरा हुन्छ। त्यसैले नेपालमा लोकतन्त्र एउटा औपचारिक संरचना मात्र नभएर जिउँदो प्रयोगशाला जस्तो छ।

लोकतन्त्रको खोलभित्र राज्यशक्तिको उदय (२०६५-२०७२) शान्ति प्रक्रिया, संविधान निर्माण र राजनीतिक परिवर्तन नागरिकको आशा पूरा गर्नेभन्दा पनि सत्ताको व्यवस्थापनमा केन्द्रित भए। नागरिकता, समानता र अधिकारका कुराहरू दोहोरो भाषा र अस्पष्ट वाचामा अल्झिए। यो समयमा नागरिकको अधिकार कागजमा मात्र सीमित रह्यो।०६२-०६४ मधेश आन्दोलनले नेपालको नागरिक र राज्यबीचको सम्बन्धमा एउटा महत्त्वपूर्ण परिवर्तन ल्यायो। यो आन्दोलनको मुख्य कारण मधेसी समुदायले राज्यमा आफ्नो प्रतिनिधित्व, समानता र नागरिक अधिकारको माग गर्नु थियो। उनीहरू लामो समयदेखि राजनीतिक, सामाजिक र आर्थिक रूपमा पछाडि पारिएको महसुस गरिरहेका थिए र आफ्नो आवाज सरकारसम्म पुऱ्याउन सडकमा आउन बाध्य भए। यो आन्दोलन एउटा क्षेत्रको मात्र समस्या नभएर नेपालको लोकतन्त्रमा भएको कमजोरी र नागरिक अधिकारको सीमिततालाई देखाउने मौका थियो। मानवअधिकारवादी संस्थाहरूले आन्दोलनको क्रममा प्रहरीले गरेको अत्यधिक बल प्रयोग, जथाभाबी गोली चलाएको र आन्दोलनकारीलाई दमन गरेको बारेमा धेरै रिपोर्ट निकाले। ती रिपोर्टमा सुरक्षाकर्मीले नागरिकको आवाज दबाउन मात्र ध्यान दिएको र छलफलको प्रयास नगरेको उल्लेख थियो। प्रहरीको व्यवहारले मानवअधिकारको उल्लङ्घन गरेको स्पष्ट थियो र अन्तर्राष्ट्रिय स्तरमा नेपालको लोकतान्त्रिक अभ्यासमाथि प्रश्न उठायो। आन्दोलनमा धेरै युवाहरूको मृत्यु भयो। उनीहरूको मृत्यु व्यक्तिगत रूपमा दुःखद त थियो नै तर यसले राज्य र नागरिकबीचको सम्बन्धमा ठूलो खाडल देखाएको थियो। नागरिक आफ्नो स्वतन्त्रता र अधिकारको लागि लडिरहेका थिए तर राज्यले उनीहरूलाई दमन गरिरहेको थियो। यसले नेपालमा नागरिकको अधिकारको अवधारणा व्यवहारमा पूर्ण रूपमा लागू हुन नसकेको प्रमाणित गऱ्यो। यी घटनाहरूले राज्य र नागरिकबीचको शक्ति सन्तुलनलाई राष्ट्रिय स्तरमा पहिलो पटक प्रश्न उठाए। मधेश आन्दोलनले यो सन्देश दियो कि लोकतान्त्रिक संरचना र संवैधानिक अधिकार हुँदा पनि नागरिक अधिकार सधैं खतरामा हुन्छ। सुरक्षा निकाय र राजनीतिक नेताहरूले दमन गरेर नागरिकको प्रतिरोधलाई दबाउन खोज्छन् तर यसले दीर्घकालीन अस्थिरता र अविश्वासको वातावरण बनाउँछ। मधेश आन्दोलनले नेपालका नागरिक, युवा र मानवअधिकारवादी समूहलाई सचेत गरायो कि लोकतन्त्र कागजमा मात्र सीमित हुन सक्छ, यसको वास्तविक शक्ति नागरिकको सक्रिय सहभागिता, न्यायपूर्ण प्रशासन र राज्यको जवाफदेहितामा निर्भर हुन्छ। यस घटनाले भविष्यमा हुने आन्दोलन र नागरिक राज्य सम्बन्धमा महत्त्वपूर्ण पाठ सिकाएको छ।




२०७२ को संविधानपछि नयाँ प्रयोग २०७२ सालमा नेपालले नयाँ संविधान लागू गरेपछि देश संवैधानिक रूपमा "स्थिर" देखिएको थियो। संविधानले नागरिक अधिकार, संघीयता, स्थानीय शासन, समानता र बोल्न पाउने अधिकारलाई सुनिश्चित गरेको दाबी गरेको थियो। तर व्यवहारमा नागरिकको अधिकार र आवाज अझै पनि राम्रोसँग सुनुवाइ भएको देखिएन। संविधानले दिएका धेरै अधिकारहरू कार्यान्वयनमा कमजोर रहे। बोल्न पाउने अधिकार व्यवहारमा सीमित थियो। नागरिकले आफ्नो विचार व्यक्त गर्ने अधिकार पाए पनि राज्य र सुरक्षा निकायहरूले कहिलेकाहीं नियन्त्रण र दमन गर्ने प्रयास गरे। यसले कानुनी अधिकार मात्र नभएर सुरक्षा र स्वतन्त्रताको आवश्यकतालाई पनि स्पष्ट पारेको छ। त्यस्तै नागरिक समानता र संघीयता पनि पूर्ण रूपमा प्रभावकारी हुन सकेनन्। स्थानीय तहको अधिकार र स्रोत केन्द्र सरकारको नियन्त्रणमा रहँदा स्थानीय प्रशासन र नागरिक सहभागितामा बाधा उत्पन्न भयो। जवाफदेही प्रशासनको कमीले नागरिक र राज्यबीचको सम्बन्धमा विश्वासको कमी ल्यायो। यसले संविधान लागू भए पनि लोकतन्त्र कागजमा मात्र सीमित हुन सक्ने देखाउँछ। व्यवहारमा नागरिकमुखी शासन प्रणाली अझै पूर्ण रूपमा विकास भएको छैन। नागरिक अधिकार, समानता र स्थानीय सहभागितालाई सुनिश्चित गर्ने चुनौती अझै बाँकी छ। यसले नेपालको लोकतन्त्रलाई स्थिरता र नयाँ प्रयोगको सन्तुलन खोज्न बाध्य बनाएको छ। संविधानले सम्भावना दिएको छ तर यसको सफलता राज्यको प्रतिबद्धता, जवाफदेही प्रशासन र नागरिकको सक्रिय सहभागितामा निर्भर रहन्छ ।

२०८२ को "न्भल श आन्दोलन": प्रयोगशालाको दोस्रो ठूलो विस्फोट २०८२ सालको भदौ महिनामा सरकारले २६ वटा सामाजिक सञ्जाललाई "दर्ता नभएको" भन्दै अचानक बन्द गऱ्यो। कुनै जानकारी वा छलफल बिना लागू गरिएको यो निर्णयले देशभरका युवाहरूलाई निराश बनायो। अहिलेको पुस्ताका लागि सामाजिक सञ्जाल मनोरञ्जनको माध्यम मात्र नभएर शिक्षा, विचार व्यक्त गर्ने, रोजगारी र सामाजिक राजनीतिक सहभागिताको आधार पनि हो। यी माध्यम बन्द हुँदा युवाहरूले आफ्नो स्वतन्त्रता खोसिएको महसुस गरे र यसलाई आफ्नो पहिचान र अधिकारमाथिको आक्रमण ठाने। प्रतिबन्धपछि हजारौं युवा सडकमा उत्रिए। उनीहरूको माग सामाजिक सञ्जाल खोल्ने मात्र नभएर पारदर्शिता, बोल्न पाउने अधिकार र राजनीतिक जवाफदेहिताको सुनिश्चितता पनि थियो। युवा पुस्ताले पुरानो राजनीतिक संरचनाप्रति असन्तुष्टि व्यक्त गरे किनकि उनीहरूलाई राज्यले समस्या समाधान गर्नुको सट्टा नियन्त्रण गर्न खोजेको जस्तो लाग्यो। प्रदर्शनमा सहभागी युवाहरूले "हाम्रो आवाज नथुन्ने" र "हाम्रो भविष्यको निर्णय हामीले नै गर्ने" जस्ता नारा लगाए। यो आन्दोलन अघिल्ला आन्दोलनभन्दा फरक थियो–नेतृत्व बिनाको र प्रविधिको ज्ञान भएका युवाहरूले चलाएको। तर आन्दोलन बढ्दै जाँदा राज्यले दमन गर्न थाल्यो। सुरक्षाकर्मीले रबरको गोली, अश्रुग्यास, पानीको फोहोरा र प्रत्यक्ष बल प्रयोग गरेर भीडलाई नियन्त्रण गर्न खोजे। यसले आन्दोलनलाई झनै चर्कायो र नागरिक राज्य सम्बन्धमा अविश्वास बढायो। धेरै युवा घाइते भए र केहीले ज्यान पनि गुमाए। यस घटनाले नेपालमा राज्यले अझै पनि डिजिटल स्वतन्त्रता र नागरिक आवाजलाई खतरा मान्छ भन्ने देखायो र लोकतन्त्र कागजमा बलियो देखिए पनि व्यवहारमा कमजोर छ भन्ने प्रस्ट भयो।

यो आन्दोलनले देशलाई एउटा गम्भीर प्रश्न सोध्यो: "के लोकतन्त्र नागरिकको हातमा छ कि नियन्त्रण गर्नेहरूको हातमा?" सामाजिक सञ्जालमा लागेको प्रतिबन्धविरुद्ध युवाहरूले गरेको आन्दोलन बढ्दै जाँदा सरकारले झनै कडा कदम चाल्यो। सुरुमा सामान्य तरिकाले भीडलाई तितरबितर पार्न खोजेको देखिए पनि प्रदर्शन बढ्दै गएपछि प्रहरीले धेरै बल प्रयोग गरेको भन्ने गुनासोहरू आए। प्रहरीले रबरको गोली, लाठीचार्ज, पानीको फोहोरा र अश्रुग्यास प्रयोग गरेर भीडलाई तितरबितर पार्न खोज्यो। यस्ता उपायहरू खास अवस्थामा मात्र प्रयोग गर्नुपर्ने भए पनि नेपालमा सामान्य अवस्थामा पनि प्रयोग गरियो। दमनका क्रममा सयौं प्रदर्शनकारी घाइते भए, केहीले आँखाको ज्योति गुमाए भने धेरैले गम्भीर चोट बेहोरे। विभिन्न स्रोतहरूले ७५ देखि ७६ जनासम्मले ज्यान गुमाएको उल्लेख गरे, जसले आन्दोलनलाई राजनीतिक मुद्दाबाट मानवअधिकारको मुद्दामा परिणत गरिदियो। आन्दोलनमा सहभागी धेरै युवाले राज्यको कठोर कदमलाई "नागरिकमाथिको युद्ध" जस्तै भने। यी घटनाहरूले नागरिक अधिकार र स्वतन्त्रता संविधानमा लेखिए पनि व्यवहारमा राज्यको मनसाय, सुरक्षा निकायको निर्णय र सत्तामा भएकाहरूको राजनीतिक स्वार्थमा निर्भर रहने देखाए। लोकतन्त्रको संरचना भए पनि नागरिक अधिकार सुनिश्चित गर्ने संस्थाहरू कमजोर छन् भन्ने देखियो। प्रहरीको जवाफदेहिताको कमी, अनुसन्धान गर्ने निकायको निष्पक्षतामा प्रश्न र राजनीतिक नेतृत्वको जिम्मेवारीबोधमा कमीका कारण दमनका घटना दोहोरिन्छन् तर समाधानका लागि कुनै पहल हुँदैन ।

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | समय सजग र सतर्क भई काम गर्नसके आजको दिन पनि लाभकारी बन्न सक्छ। |
| वृष : | व्यापारमा प्रशस्त फाइदा हुने योग छ । |
| मिथुन : | भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ । |
| कर्कट : | घरायसी सुखको अनुभूति हुनेछ । |
| सिंह : | काममा केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| कन्या : | व्यवसायको सिलसिलामा रमाइलो यात्रा हुन सक्छ । |
| तुला : | तर्क र बहसमा पकड भएको राम्रो दिन छ । |
| वृश्चिक : | बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ । |
| धनु : | पशुधन र जमिनबाट सामान्य लाभ हुनेछ । |
| मकर : | काममा सहयोग लिन दिन सकिने दिन छ । |
| कुम्भः | आर्थिक क्रियाकलापले दुरगामी फाइदा हुनेछ । |
| मीनः | विशेष व्यक्तित्वलाई भेट्ने मौका आउला । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वेको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## सात जिल्लाबाट लागुऔषधसहित १४ जना पक्राउ

काठमाण्डु । नियमित गस्तीमा रहेकोप्रहरीटोलीले देशकाविभिन्न भागबाट लागुऔषधसहित १४ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षकाअनुसारमकवानपुरको हेटौँडा उपमहानगरपालिका-११ थानाभञ्याङबाट नियन्त्रित लागुऔषध ट्रामाडोलसहित चितवनको राप्ती नगरपालिका-१ का ३२ वर्षीय गोविन्द तामाङ पुनर्वास नगरपालिका-११ डोकेबजारका ३० वर्षीय विशाल विक र कैलालीको जोशीपुर गाउँपालिका-९ का २२ वर्षीय कुशल चौधरी पक्राउ परेका छन्। झापाको मेचीनगर नगरपालिका-२ बाट खैरो हेरोइनजस्तो देखिने पदार्थसहित सोही नगरपालिका-८ का ३९ वर्षीय मिलन मेचेसहित चार जना पक्राउ परेका छन्।



र मकवानपुरको मनहरी गाउँपालिका-३ लामिटारका २४ वर्षीय सफल विक्रम राणा पक्राउ परेका छन्।

त्यसैगरी, ललितपुर महानगरपालिका-१८ वाइवाई चोकबाटट्रामाडोलसहितधादिङको नीलकण्ठ नगरपालिका-५ घर भई ललितपुरको चुनिखेल बस्ने २२ वर्षीय नवीन आले मगरसहित दुई जना पक्राउ परेका छन्। उदयपुरको बेलका नगरपालिका-८ कोठुबाट नाइट्राजेपामसहित सोही नगरपालिका-४ प्रगति टोलका २१ वर्षीय सरोज बर्देवा पक्राउ परेका छन्।

कञ्चनपुरकोबेलौरीनगरपालिका-१ फटैया खल्लाबाट ब्राउनसुगर जस्तो देखिने पदार्थसहित सुनसरीको इटहरी उपमहानगरपालिका-१ हलगडा चोकबाट ट्रामाडोल र डाइक्लोमाइनसहित मोरङको सुन्दरहरैँचानगरपालिका-५सिक्किमे चोकका ३१ वर्षीय पर्शुराम गुरुङ तथा इटहरी-२ बरगाछीबाट सोही ठाउँका २८ वर्षीय उज्ज्वल बुढाथोकी पक्राउ परेका छन्। प्रहरीले उनीहरूले प्रयोग गरेका दुई मोटरसाइकलसमेत बरामद गरेको छ।

यसैगरी, तनहुँको भिमाद नगरपालिका-६ शान्तिनगर टोलमा डेरा गरी बस्ने सोही नगरपालिका-३ जलौदीका ३१ वर्षीय शिव मल्ललाई फेनारगन, डाइजेपाम र बुप्रेनोर्फिनसहित पक्राउ गरिएको छ । रासस

### बडादशैँको शुभकामना व्यक्त गर्दै प्रधानमन्त्री भन्नुहुन्छः

## विदेशिनुपर्ने बाध्यता अन्त्य गर्न सरकार प्रतिबद्ध छ

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहले बडादशैँ एकता, आत्मीयता र भलाकुसारीको सङ्गमका रूपमा नेपालीमाझ स्थापित चाड भएको बताउनुभएको छ ।

बडादसैँका अवसरमा शनिबार सामाजिक सञ्जालमार्फत शुभकामना व्यक्त गर्दै प्रधानमन्त्री साहले बडाका हातबाट टीका र जमरा लगाएर आशीर्वाद थाप्ने परम्परा सानालाई माया र ठूलालाई आदर गर्ने हाम्रो मौलिक परम्पराको प्रतिबिम्ब भएको उल्लेख गर्नुभएको छ ।




प्रधानमन्त्रीले बडादशैँ देशभित्रका विभिन्न स्थानहरूबाट मात्र नभइ देशबाहिरबाट समेत आफ्नो घरआँगनमा फर्कने, आफ्ना परिवार र आत्मीयजनहरूसँग भलाकुसारी गर्ने, खानपान गर्ने र रमाइलो गर्ने अवसरका रूपमा युगौँदेखि परिचित रहेको समेत बताउनुभएको छ । "बडादशैँको माहोलको आकाश नै अलग हुन्छ, धर्तीको सुगन्ध छुट्टै हुन्छ अनि वातावरण त्यसै-त्यसै उल्लासमय र उमङ्गले भरिपूर्ण हुन्छ", उहाँले भन्नुभएको छ ।

प्रधानमन्त्री साहले यस पावन उत्सवको अवसरमा सम्पूर्णमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै विश्वभर छरिएर रहेका नेपाली समुदायलाई एकताबद्ध गर्ने चाडका रूपमा रहेको बडादशैँले हरेक घरमा उत्सव र उमङ्ग ल्याओस् भन्ने कामना गर्नुभएको छ ।

"तपाईं-हाम्रो घरआँगनमा नेपालीहरूको महान् चाड बडादशैँले प्रवेश गरिसकेको छ । आज सप्तमी तिथि अर्थात् फूलपाती, दशमी तिथि अर्थात् विजया दशमीको दिन टीका ग्रहण गर्ने मुख्य दिन रहे तापनि नवरात्रको सुरुवात विधिपूर्वक घटस्थापना गरेर यसअघि नै भइसकेको छ", उहाँले भन्नुभएको छ ।

नेपाली समाजमा सदियौँदेखि दशैँको विशेष महत्व रहिआएको र धार्मिक, सामाजिक तथा सांस्कृतिक दृष्टिकोणले महत्त्वपूर्ण चाडका रूपमा रहेको उहाँको भनाइ छ । यस अवसरमा सबैभन्दा लामो सार्वजनिक बिदा छुट्याइने भएकाले पनि दशैं निस्फिक्री रमाउने चाडका रूपमा रहँदै आएको उहाँले उल्लेख गर्नुभएको छ ।

"स-साना बाबुनानीहरूका लागि त झनै विद्यालय बिदा भएपछि खाने, खेल्ने र नयाँ-नयाँ लुगा लगाएर मामाघर जानेजस्ता फुरुङ्ग पार्ने गतिविधिले अर्कै उत्साह ल्याउने गर्दछ र त्यसले पनि वातावरणलाई थप पुलकित पार्ने गर्दछ । आर्थिक गतिविधिका हिसाबले समेत बडादसैँ नेपालीहरूमाझ सबैभन्दा चलायमान पर्वका रूपमा रहेको छ" उहाँले शुभकामना सन्देशमा भन्नुभएको छ।

प्रधानमन्त्री साहले नेपालीहरूले विभिन्न विषम र संकटपूर्ण परिस्थितिहरूबाट गुज्रँदै पनि चाडपर्वका अवसरहरूमा धार्मिक, सांस्कृतिक तथा सामाजिक मूल्यमान्यता र मौलिकताको जगेर्ना गर्दै अविच्छिन्न रूपमा चाडपर्व मनाउँदै आएका समेत स्मरण गर्नुभएको छ ।

"कुनै बेला भूकम्पले थलिएको अवस्थामा पनि, अनि कुनै बेला कोभिडजस्तो महामारीको बीचमा पनि दसैँ आयो र गयो । अघिल्लो वर्ष जेनजी आन्दोलन र त्यसपछिको तनावपूर्ण परिस्थितिको केही समयमै हामीमाझ दसैँ आयो । हामीले आफ्नो रीतिथिति र परम्पराअनुसार मनायौँ", उहाँले भन्नुभएको छ ।

यस वर्ष पनि रसुवा, नुवाकोट, गोरखालगायतका ठाउँहरूमा भएका प्रलयकारी विनाशको शोक आलो रहँदै दशैँ आइपुगेको उल्लेख गर्दै प्रधानमन्त्रीले ज्यान गुमाउनुभएकाहरूको चिरात्माको शान्ति तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्न गर्नुभएको छ । साथै सिङ्गो देशका तर्फबाट शोकसन्तप्त परिवारहरूप्रति समवेदना व्यक्त गर्नुभएको छ । सरकारले तदारुकताका साथ विस्थापित नागरिकहरूको पुनःस्थापनाका निम्ति काम गरिरहेको सामाजिक सञ्जालमा प्रधानमन्त्रीले लेख्नुभएको छ ।

दशैँ असत्यमाथि सत्यको विजयको प्रतीकका रूपमा पनि मनाउने गरिन्छ। आसुरी प्रवृत्तिमाथि दैवी विजयको धार्मिक मान्यता बोकेको यस दशैंको अवसरमा उहाँले सम्पूर्ण नेपालीहरूमा सत्यको बाटोमा हिँड्ने अभिप्रेरणा मिलोस्, सामाजिक रूपमा आसुरी प्रवृत्तिको पराजय होस् र आत्मिक रूपमा हामी हरेकले आफूभित्रको महिषासुर र रावणलाई चिन्न सकौँ तथा तिनमाथि विजय प्राप्त गर्न सकौँ भन्ने शुभभाव व्यक्त गर्नुभएको छ । "मानव दुःखका प्रमुख कारणका रूपमा रहेका काम, क्रोध, लोभ, इर्ष्या र अहङ्कारमाथि विजय प्राप्त गर्न सकौँ भन्ने शुभकामना पनि व्यक्त गर्दछु", उहाँले भन्नुभएको छ ।

प्रधानमन्त्री साहले पारिवारिक मिलन र आफन्तजनको सामीप्यमा हर्षोल्लासका साथ मनाइनुपर्ने चाडपर्वहरू हिजोआज रित्ता र उजाडिँदै गएका गाउँका घरआँगनहरूमा निरस देखिँदै गइरहेको तीतो यथार्थलाई पनि शुभकामना सन्देशमा स्मरण गर्नुभएको छ । हरेक दिन बाध्यताले विदेशिनुपर्ने दाजुभाइ तथा दिदीबहिनीहरूको पीडा र चाडपर्वका अवसरमा पारिवारिक मिलनका लागि घर फर्कने चाहना हुँदाहुँदै पनि फर्कन नपाई परदेशमा रित्तो निधार लिएर बस्न बाध्य हुनुपर्ने लाखौँ नेपाली दिदीबहिनी तथा दाजुभाइहरूको नियति बदल्न हामी सबैको हातेमालोबाट सम्भव छ भन्नेमा उहाँले दृढ विश्वास व्यक्त गर्नुभएको छ । उहाँले भन्नुभएको छ, "सरकार देशको समृद्धि र आमनागरिकको सुखद जीविकाप्रति प्रतिबद्ध रहँदै अगाडि बढिरहेको छ भन्नेमा आश्वस्त पार्न चाहन्छु ।"

आर्थिक रूपमा हरेक नागरिकको सम्पन्नताले नै चाडपर्वहरूको रौनक अझै थपिन्छ । आर्थिक कारणले नै दसैँजस्तो महान् पर्व कसैका लागि बोझ बन्नु हुँदैन भन्नेमा सरकार सचेत भएको उहाँको भनाइ छ । उहाँले आर्थिक सम्पन्नताको बाटोमा यथोचित पाइला अघि बढाउँदै देशलाई सुशासनको मार्गमा अग्रसर गराउन वर्तमान सरकार अहोरात्र खटिइरहेको पनि उल्लेख गर्नुभएको छ।

शुभकामना सन्देशमा भनिएको छ, "दशैंको अन्तर्यमा रहेको सत्यको विजयलाई आत्मसात् गर्दै सत्यको बाटोमा र सुशासनको बाटोमा हिँड्न माता दुर्गाभवानीको सत्प्रेरणा र कृपा हामी सबैमा सदैव परिरहोस् भन्ने शुभेच्छासहित सबै जनामा बडादसैँको सुअवसरमा आरोग्य, सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु । सभ्य र भव्य रूपमा दसैँ मनाऔँ ।" रासस

## क्यानडाद्वारा नेपालसामु २५७ रनको लक्ष्य प्रस्तुत



काठमाण्डु । ओमानमा जारी आइसिसी क्रिकेट विश्वकप लिग-२ श्रृंखलामा क्यानडाले नेपाललाई २५७ रनको लक्ष्य दिएको छ । अलअमरात क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको क्यानडाले निर्धारित ५० ओभरमा सबै विकेट गुमाएर २५६ रन बनायो ।

उसका लागि ओपनर युवराज सम्राले शतकीय पारी खेले । उनले ११७ बलमा ११ चौका र चार छक्कासहित १०५ रनको पारी खेलेका हुन् । एकदिवसीय अन्तरराष्ट्रिय क्रिकेटमा युवराजको यो पहिलो शतक हो ।

आरोन जोनसनले ३६, हर्ष ठाकरले ३४, कप्तान हम्जा तारिकले ३० र समित गोयलले १७ रन जोडे । नेपालका लागि बलिङतर्फ ललितनारायण राजवंशीले ४, कप्तान सन्दीप लामिछानेले ३, दीपेन्द्रसिंह ऐरीले २ तथा रोहितकुमार पौडेलले १ विकेट लिए ।

आजको खेलमा जित दर्ता गर्न सके नेपालले विश्वकप लिग-२ तालिकाको शीर्ष छमा स्थान सुरक्षित गर्नेछ । पराजित भएको अवस्थामा नेपालले अन्तिम खेलमा ओमानलाई हराउनैपर्ने समीकरण बन्नेछ । उता क्यानडा आज जित्नैपर्ने दबाबमा छ । आजको खेलमा पराजित भएमा उसको शीर्ष छको सम्भावना समाप्त हुनेछ ।

ताजा अवस्थामा अङ्क तालिकामा नेपाल छैटौँ र क्यानडा सातौँ स्थानमा छन् । रासस

### सेनाको विपद् प्रतिकार्य :

## समन्वय र सहकार्यको उत्कृष्ट संयोजन

काठमाण्डु । नेपाली सेनाले भोटेकोशी बाढीपछि विपद्का घटनामा गरिएको खोज, उद्धार तथा पुनःस्थापनालाई समन्वय, सहकार्य र आपसी सहयोगको उत्कृष्ट संयोजनको संज्ञा दिएको छ ।

बाढीपहिरो प्रभावित क्षेत्रमा सडक र पुल भत्किएर आवागमन ठप्प भएको बेला बदलिँदो परिस्थितिअनुसार प्रविधिको उपयोग गर्दै विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन सेनाले देखाएको तत्परता र व्यावसायिक क्षमतालाई प्रतिबिम्बित गरेको स्पष्ट पारेको छ ।

सैनिक प्रवक्ता राजाराम बस्नेतका अनुसार प्रतिकूल मौसम, दुर्गम भूगोल र चुनौतीपूर्ण परिस्थितिका बाबजुद त्यो कठिन घडीमा नागरिकको जीवन रक्षालाई उच्च प्राथमिकतामा राखि गरिएको खोज, उद्धार, राहत र स्थानान्तरणमा सुरक्षा फौज समन्वयका साथ सक्रिय रूपमा परिचालित थियो ।

रसुवाबाढीपछि प्रभावित क्षेत्रको अवस्थाको स्मरण गराउँदै सेनाले लेखमार्फत उपलब्ध गराएको विवरणमा भनिएको छ- "जोखिमपूर्ण परिस्थितिमा परिचालित सैनिकहरूको साहस, कर्तव्यनिष्ठा, व्यावसायिक दक्षता र सेवाभावले जनताको सुरक्षा तथा कल्याणप्रतिको प्रतिबद्धतालाई व्यवहारमै अभिव्यक्त गरेको छ ।"

**'समर्पणले नागरिकमा भरोसा जगाएको छ'**

भदौ १० गते भोटेकोशीको भीषण बाढीबाट प्रभावित नागरिकको खोज, उद्धार तथा पुनःस्थापनाको कार्य जारी रहेकै अवस्थामा असोजमा भएको अविरल वर्षाले देशका विभिन्न क्षेत्रमा बाढी, पहिरो र डुबानको जोखिम थप बढायो । बागलुङ, पर्वत, म्याग्दी, मनाङ र मुस्ताङलगायत जिल्लामा जनधनको क्षति भयो । बाढी र पहिरोबाट सडक तथा पुलमा



क्षति पुग्दा स्थानीय बासिन्दा र पर्यटकको आवागमनसमेत प्रभावित भयो । विपद्को त्यस्तो कठिन घडीमा नागरिकको जीवन रक्षा र सुरक्षालाई सर्वोच्च प्राथमिकतामा राख्दै सेना तत्काल खोज तथा उद्धार, राहत वितरण र जोखिममा रहेका नागरिकको सुरक्षित स्थानान्तरणमा सक्रिय रूपमा परिचालित थियो ।

प्रतिकूल मौसम, दुर्गम भूगोल र चुनौतीपूर्ण परिस्थितिका बाबजुद नेपाली सेनाले स्थल तथा हवाई साधन, स्वास्थ्यकर्मी र इन्जिनियरिङ फौजसहित हजारौँ सैनिकलाई चौबिसै घण्टा परिचालन गरी विपद् प्रतिकार्यलाई तीव्रता दियो । जोखिमपूर्ण स्थानमा रहेका १२७ जनालाई हवाई साधनमार्फत सुरक्षित स्थानमा स्थानान्तरण गर्नुका साथै प्रभावित क्षेत्रमा अत्यावश्यक राहत सामग्री पुऱ्याइएको थियो । सडक अवरुद्ध भएका स्थानमा उद्धार तथा सडक पुनः सञ्चालनका लागि प्रयोग गरिने मेसिनमा इन्धन आपूर्ति गर्न ड्रोनको प्रयोगसमेत गरिएको थियो । यसले बदलिँदो परिस्थितिअनुसार प्रविधिको उपयोग गर्दै विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउने नेपाली सेनाको तत्परता र व्यावसायिक क्षमतालाई प्रतिबिम्बित गरेको छ ।

यसैक्रममा मनाङको चामे गाउँपालिका-४ स्थित ठाडो खोलामा पहिरोका कारण थुनिएको मर्स्याङ्दी नदीको बहाव पूर्ववत् सञ्चालनमा ल्याउन सेना सक्रिय रह्यो । अवरुद्ध विद्युत् प्रसारण लाइन सञ्चालनमा सहयोग गर्नुका साथै बाढीले बगाएको पुलको स्थानमा अस्थायी पुल निर्माण गरी माथिल्लो मनाङसँगको आवागमन सुचारु गराउने कार्यमा समेत सेनाले योगदान पुऱ्याएको थियो । त्यस्तै, नार्फाभूमि गाउँपालिका-५ स्थित हिम्लुङ हिमालमा गएको हिमपहिरोमा परी मृत्यु भएका पर्यटकहरूको शव हवाई माध्यमबाट उद्धार गर्ने कार्यमा सहयोग गरी मानवीय दायित्व निर्वाह गरेको छ ।

असोज २५ गते बुढीगण्डकी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धारमा समेत सेना तत्काल परिचालित भयो । एमआई-१७सहितचारवटाहेलिकप्टर तथा स्थलमार्गबाट परिचालित उद्धार टोलीले विभिन्न प्रभावित क्षेत्रबाट विदशीसहित एक हजार १०६ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गऱ्यो । बाढीबाट प्रभावित स्थानीयवासीका घरमा डुबानमा परेका सामान सुरक्षित रूपमा निकाल्न सहयोग गर्नुका साथै सडक सञ्जाल विच्छेद भएका क्षेत्रमा करिब १८ हजार ६८० किलोग्राम खाद्यान्न तथा राहत सामग्री ढुवानी गरियो । बाढीबाट क्षतिग्रस्त आरुघाटस्थित पुलको स्थानमा बेलिब्रिज जडान गरी आवागमन पुनः सञ्चालन गर्ने तयारी अघि बढाउनु पनि प्रभावित क्षेत्रको जनजीवन सामान्य बनाउन नेपाली सेनाले निर्वाह गरेको महत्त्वपूर्ण भूमिकामध्ये एक हो । यसअघि भोटेकोशी बाढीबाट क्षति पुगेको सडक सुचारु गर्न देविघाटस्थित तादी खोला र बेत्रावतीस्थित फलाकु खोलामा एक्रोबृज जडान गरी रसुवालाई विच्छेद भएको सडक सञ्जालसँग जोड्ने कार्यमा सहयोग पुऱ्याएको छ ।

सेनाका यी प्रयासहरू खोज, उद्धार र राहत वितरणमा मात्र सीमित छैनन् । विपद्मा परेका नागरिकको जीवन रक्षा, आधारभूत आवश्यकताको परिपूर्ति, सुरक्षित आवागमनको व्यवस्था तथा जनजीवनलाई सामान्य अवस्थामा फर्काउन सहयोग पुऱ्याउनु यसका महत्त्वपूर्ण पक्ष हुन् ।

जोखिमपूर्ण परिस्थितिमा परिचालित सैनिकहरूको साहस, कर्तव्यनिष्ठा, व्यावसायिक दक्षता र सेवाभावले जनताको सुरक्षा तथा कल्याणप्रतिको प्रतिबद्धतालाई व्यवहारमै अभिव्यक्त गरेको छ ।

विपद् व्यवस्थापन सम्बद्ध सबै निकायहरूको समन्वय र सहकार्यबाट मात्र प्रभावकारी हुन सक्दछ । नेपाल सरकारको निर्देशनमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, स्थानीय प्रशासन, स्थानीय तह तथा समुदायबीच स्थापित समन्वय र सहकार्यले खोज, उद्धार, राहत वितरण र तत्कालको पुनर्निर्माण कार्यलाई थप प्रभावकारी बनाएको छ । अन्य सुरक्षा निकाय तथा सम्बद्ध सरोकारवालाहरूको एकीकृत प्रयासले विपद् प्रभावित नागरिकलाई समयमै सहायता पुऱ्याउन र जोखिम न्यूनीकरण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको हो । भौगोलिक अवस्था, सिमित एयर स्पेस, थुनिएका टनेल र पूर्ण रूपमा बन्द स्थलमार्गजस्ता चुनौतीपूर्ण अवस्थामा पनि विपद् पश्चातको हवाई, जमिनी र टनेल खोज तथा उद्धार कार्य त्रुटीरहित ढङ्गबाट सम्पन्न गर्न नेपाली सेना सफल भएको छ ।

प्राकृतिक विपद्का कारण नागरिकको जनजीवन प्रभावित हुँदा उनीहरूको जीवन रक्षा र सुरक्षित भविष्य सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्व हो। यस दायित्व निर्वाहमा सेनाले देखाउँदै आएको तत्परता, मानवीय संवेदनशीलता र समर्पणले सङ्कटको समयमा नागरिकमा भरोसा र आशा जगाएको छ। सेवा, सुरक्षा र मानवीय समर्पणलाई मूल भावका रूपमा आत्मसात् गर्दै नेपाली सेना जस्तोसुकै परिस्थितिमा पनि आफ्नो कर्तव्य निर्वाह गर्न प्रतिवद्ध छ । रासस

## राष्ट्रियसभाका अध्यक्ष दाहालद्वारा बडादशैँको शुभकामना

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रिय एकता, सामाजिक सद्भाव, सहिष्णुता र पारस्परिक सम्मानलाई अझ सुदृढ बनाउँदै समुन्नत, समावेशी र समृद्ध नेपाल निर्माणमा योगदान गर्न बडादशैँले सबैलाई प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।



बडादशैं-२०८३ का अवसरमा आज शुभकामना दिँदै उहाँले यसपर्वले सम्पूर्ण नेपालीबीच आपसी सद्भाव, एकता, सहकार्य र भ्रातृत्वको भावना अझ सुदृढ बनाओस् भनी शुभेच्छा प्रकट गर्नुभएको छ । उहाँले स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य र उत्तरोत्तर प्रगतिको कामना गर्नुभएको छ ।

दशैँ धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्व बोकेको मौलिक पर्व भएको उल्लेख गर्दै अध्यक्ष दाहालले असत्यमाथि सत्य र अन्यायमाथि न्यायको विजयको प्रतीकका रुपमा मनाइने तथा मान्यजनबाट टीका र जमरा ग्रहणसँगै आशिर्वाद लिने परम्पराले पनि यस पर्वको महत्व बढेको बताउनुभएको छ ।

"घटस्थापनादेखिविजयादशमीसम्मका धार्मिक अनुष्ठान, मान्यजनबाट टीका, जमरा र आशीर्वाद ग्रहण गर्ने परम्परा तथा पारिवारिक पुनर्मिलनले हाम्रो सांस्कृतिक विरासत, आत्मीयता र पुस्तान्तरण हुँदै आएका संस्कारलाई जीवन्त बनाएका छन्" अध्यक्ष दाहालले शुभकामना सन्देशमा भन्नुभएको छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विविधताले समृद्ध राष्ट्र भएको उल्लेख गर्दै उहाँले नेपालको संविधानले धार्मिक तथा सांस्कृतिक स्वतन्त्रता सुनिश्चित गर्नुका साथै सबै समुदायका भाषा, संस्कृति, परम्परा र सम्पदाको संरक्षण तथा सम्वर्द्धनलाई महत्व दिएको बताउनुभएको छ । सबै धर्म, सम्प्रदाय र समुदायका चाडपर्वप्रति समान सम्मान, सहिष्णुता र सद्भाव राख्दै विविधताभित्रको एकतालाई बलियो बनाउनु सबैको साझा दायित्व भएको उहाँको भनाइ छ । रासस

## दाना-खुर्कोट प्रशारण लाइन मर्मत अन्तिम चरणमा

म्याग्दी । असोजको दोस्रो साता आएको बाढीपहिरो र कालीगण्डकी नदीको कटानले क्षतिग्रस्त बनेको २२० केभी क्षमताको कालीगण्डकी कोरिडोरको दाना-खुर्कोट प्रसारणलाइन मर्मत कार्य अन्तिम चरणमा पुगेको छ ।



विपद्का समयमा आकस्मिक रूपमा विद्युत आपूर्ति सहज बनाउन क्यानडाको प्रविधि उपयोग गरेर अस्थायी टावर निर्माण थालिएको छ । प्रसारण लाइनका तीन वटा टावरमा क्षति पुग्दा म्याग्दी र मुस्ताङका सातवटा जलविद्युत् आयोजनाबाट उत्पादित १७६ मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोडिन सकेको छैन । अवरुद्ध विद्युत् आपूर्ति सुचारु गर्न नेपाल विद्युत् प्राधिकरणको पोखरा ग्रिड महाशाखा र यस क्षेत्रमा सञ्चालनमा रहेमा जलविद्युत आयोजनाहरूको सहयोगमा अस्थायी टावर निर्माण र तार तान्ने काम अन्तिम चरणमा पुगेको प्राधिकरणका सहायक निर्देशक सञ्जय लोहनीले बताउनुभयो ।

"क्षतिग्रस्त भएका तीन वटा टावरको सट्टामा क्यानाडा प्रविधिको एक वटा अस्थायी टावर निर्माण गरेर विद्युत् आपूर्ति सुचारु गर्न लागिएको हो", उहाँले भन्नुभयो, "बेनी-जोमसोम सडकको भीरकाटे खण्डदेखि पारी रहेको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोबाको औलमा टावर निर्माणका साथै तार तान्ने काम अन्तिम चरणमा छ ।"

कालीगण्डकी वेसिनमा रहेका जलविद्युत् आयोजना र महाशाखाका गरी २० जनाभन्दा बढी इञ्जिनियर, त्यति नै सङ्ख्यामा प्राविधिक र ५० जनाभन्दा बढी मजदुरहरू दैनिक रूपमा परिचालन गरेर टावर निर्माण र तार तान्ने काम धमाधम भइरहेको छ । रासस

## एकैरातमा तीन घरमा चोरी

**टुडे समाचारदाता**

वीरगञ्ज । बाराको सुवर्ण गाउँपालिका-३ मा चोरहरूको समूहले एकै रात तीनवटा घरमा चोरी गरेको छ। गएराति भएको उक्त घटनामा लाखौँ रुपैयाँ बराबरको धनमाल चोरी भएको स्थानीयले बताएका छन् ।

स्थानीयका अनुसार चोरी हुने घरहरूमा महिन्द्र प्रसाद यादव, अनुठा कुशवाहा र साहेब प्रसाद यादवका घर रहेका छन् । चोरहरूले घरको पर्खाल फोडेर भित्र प्रवेश गरी नगद तथा गरगहनालगायतका बहुमूल्य सामान चोरेर लगेको बताइएको छ ।

तीनवटा घरमध्ये एक घरबाट मात्रै करिब दुई लाख रुपैयाँ बराबरका सुनचाँदीका गरगहना र नगद चोरी भएको प्रारम्भिक जानकारी प्राप्त भएको छ । अन्य दुई घरबाट चोरी भएको सामान तथा कुल क्षतिको विवरण भने खुल्न सकेको छैन।

गाउँमा एकै रात तीन घरमा चोरी भएपछि स्थानीय बासिन्दामा त्रास फैलिएको छ । घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी पक्राउ गर्न र चोरी भएको धनमाल फिर्ता गराउन स्थानीयले सम्बन्धित निकायसँग माग गरेका छन् ।

घटनाको विस्तृत विवरण आउन बाँकी छ । चोरीमा संलग्न व्यक्तिको पहिचान, घटनाको वास्तविक अवस्था र क्षतिको विवरणबारे थप अनुसन्धान भइरहेको जनाइएको छ ।

## शक्तिपीठहरुमा फुलपाती भित्रियाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । बडादसैँको सातौँ दिन अर्थात सप्तमीका अवसरमा मधेस प्रदेशको राजधानी जनकपुरधामस्थित राजदेवी मन्दिरसहित प्रसिद्ध शक्तिपीठहरूमा परम्परागत विधिअनुसार हर्षोल्लासका साथ फूलपाती भित्र्याइएको छ ।

ऐतिहासिक राजदेवी मन्दिरमा नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टुकडीले सलामी अर्पण गर्दै भव्य रूपमा फूलपाती भित्रियाइएको हो । राजदेवी मन्दिर बाहेक अन्य शक्तिपीठहरु र दुर्गा पुजनोत्सव स्थलमा समेत फुलपाती भित्रियाइएको छ ।

श्री महावीर युवा कमिटी र श्री राम युवा कमिटीको संयुक्त संयोजनमा आयोजित राजदेवी मन्दिरका लागि फुलपाती समारोहमा बिहानैदेखि श्रद्धालुहरूको बाक्लो उपस्थिति थियो । शक्तिपीठ राजदेवी मन्दिर परिसरबाट निस्केको विशेष शोभायात्रा परम्परागत बाजागाजा र सांस्कृतिक झाँकीसहित जनकपुरधामको गिरिनारी कुट्टी



प्राङ्गण पुगेको थियो । कुट्टी परिसरमा रहेको पवित्र बेलको रूखमुनि वैदिक विधिअनुसार पूजाअर्चना सम्पन्न गरी बेलको फल टिपेर ल्याइएको हो ।

मन्दिर व्यवस्थापन तथा स्थानीय अगुवाहरूका अनुसार सुरक्षा निकायको गारत सलामी र भक्तजनको जयघोषका बीच उक्त बेलको फलसहितको नवपत्रिकालाई राजदेवी मन्दिरको गर्भगृहमा विधिपूर्वक भित्र्याइएको छ ।

मिथिलाञ्चलमा दसैँका अवसरमा बेलको पूजा र विधिलाई अत्यन्तै श्रद्धा एवं महत्त्वका साथ लिने गरिन्छ । परम्पराअनुसार षष्ठी तिथिको साँझ बेलको फललाई रातो वा पहेँलो कपडाले बाँधेर विधिवत् रूपमा पूजा गरी निम्तो दिइने प्रचलनलाई स्थानीय भाषामा 'बेलनौती' भन्ने गरिन्छ ।

सोही बेलको फललाई सप्तमीको बिहान निम्ता गरिएको बेलको फल टिपेर मन्दिरमा ल्याई शक्तिस्वरूपा भगवतीलाई चढाउने वा बलि दिने विधिलाई 'बेलतोडी' भनिन्छ ।

शताब्दीयौँ पुरानो यो मौलिक परम्पराले मिथिलाको सांस्कृतिक वैभव तथा प्रकृतिपूजक विशिष्ट चरित्रलाई उजागर गरेको छ । फूलपाती भित्र्याएसँगै जनकपुरधामका शक्तिपीठहरूमा दर्शनार्थीहरूको घुइँचो बढेको छ ।

# राजदेवी मन्दिर किंवदन्ती र यथार्थ

ब्लग :



**श्यामसुन्दर शशि**

बिहीबार मैले आफ्नो फेसबुक वालमा लेखेको थिएँ- 'राजदेवीमाता राजा जनककी कुलदेवी होइनन्, श्रद्धालुहरुलाई झुक्याउने खेल हुँदैछ । राजा जनककी कुलदेवी गिरिजा हुन् । मन्दिरको मूलद्वारमा लेखिएको भूलसुधार गर । हेलो युवा कमिटीहरु...हेलो पुरातत्व विभाग....हेलो जनकपुरधामका नागरिक समाज....लहै-लहैमा लागेर इतिहास र धार्मिक आस्थासंग खेलवाड नगर...., जय होस्...।'

यस विचारमाथि अनेकौँ टिप्पणी आए । केहिले बेमौसमीको बाजा भन्दै विरोध गर्नु भयो । केही भने तर्क प्रमाणसहित राजा जनककी कुलदेवी गिरिजा भएको दरिलो पक्ष राख्नु भयो । सकारात्मक होस् वा नकारात्मक सम्पूर्ण टिप्पणीप्रति मेरो सम्मान छ । कारण वेद भन्छ- 'वादे वादे जायते तत्व बोध :' अर्थात् तर्क वितर्क तथा विमर्शले सत्य तथ्य खोज्न मद्दत गर्छ । मैले खोजेको पनि यही थिएँ । ११३ भन्दा अधिक मठ मन्दिर रहेको जनकपुरधामका एउटै मन्दिरको स्थापना मिति, निर्माता तथा धार्मिक सांस्कृतिक महत्व झल्किने अभिलेख प्राप्त हुँदैन । विश्व प्रसिद्ध जानकी मन्दिरसम्ममा स्थापनाबारे आधिकारिक दस्तावेज छैन । अतः राजदेवी मन्दिरमात्र होइन, जानकी मन्दिर, राम मन्दिर, रत्नसागरलगायतका प्राचीन मठ-मन्दिरहरुको इतिहास तथा धार्मिक सांस्कृतिक महत्व बुझ्न सामाजिक सञ्जालबाटै भए पनि यस प्रकारका अभियानहरु संचालन भइ राख्नु पर्दछ । यसमाथि पूर्वाग्रहरहीत तथा तर्क प्रमाणमा आधारित टिका टिप्पणी पनि हुनु पर्दछ ।

यसमा दुईमत छैन कि स्थानीयवासीहरु राजदेवीलाई राजा जनककी कुलदेवी मान्दै आएका छन् । केही इतिहासकार तथा संस्कृतिविद्हरुले पनि बेला बेला राजदेवीलाई जनककी कुलदेवी भनि उल्लेख गरेका छन् । इतिहासकार शिवेन्द्र लाल कर्ण र नारायण प्रसाद रिमालद्वारा लिखित 'जनकपुरधामका मठ मन्दिरहरु' पुस्तमा उल्लेख छ- 'जनकवंशी राजाहरुको कुलदेवीका रुपमा पूजित देवी श्रीराजदेवी ।' यसैगरी प्रा.डा. शैलेन्द्रनारायण मल्लिक आफ्नो 'जनकपुरको इतिहास' नामक पुस्तकमा लेखेका छन्- 'वि.सं. १८३९ मा काजी अमरसिंहले राममन्दिरको निर्माण क्रममा सैनिकहरुको शस्त्रागृह (कोत) मा देवी शक्तिको पुजन परम्परा अनुसार देवीको स्थापना गरिएकोमा तत्कालीन समयमा राज्यको शान्ति, सुरक्षा एवं समृद्धिका प्रतीक राजदेवी भन्ने प्रचलन रहेको बुझिन्छ ।' यद्यपि प्रा.डा. मल्लिकले पनि राजदेवीमातालाई जनकवंशकी कुल देवी भनिने गरेको स्वीकार गरेका छन् ।

इतिहासकार जानकार रोशन जनकपुरी राजदेवी मन्दिरको निर्माण राममन्दिर निर्माण ताका कि त अमर सिंह थापाले अथवा राममन्दिरको पहिलो पुनर्निर्माणको बेला गरिएको उल्लेख गरेका छन् । 'कति पुरानो जनकपुर' शीर्षकको आलेखमा जनकपुरी लेख्नु हुन्छ-'यो राजदेवी गोर्खाली सेना जनकपुरमा हुँदा कोतघर (हतियार राख्ने तथा शक्ति पूजा गर्ने स्थल वा गहवर) हुने बढी तर्कसंगत देखिन्छ । जनकपुरधाममा यस राजदेवीलाई राजा जनकको कुलदेवीको रुपमा बढी प्रचारित गरिएको पाइन्छ । यो ऐतिहासिक र तर्कसंगत देखिँदैन ।' रामायणकालीन इतिहासको मुख्य स्रोत धार्मिक ग्रंथहरु छन् । कुनै पनि ग्रंथमा राजाजनककी कुलदेवीको रुपमा राजदेवीको उल्लेख वा जनकवंशी राजा, रानी वा राजकुमारीहरुले राजदेवी पूजन गरेको उल्लेख पाईदैन ।

फेरी, जनकपुरधाममै दुईवटा राजदेवी मन्दिर छन् । यसका अतिरिक्त लहान, राजविराज, मलंगवालगायतका सेनवंशी तथा शाहवंशी राजाहरुको प्रभुत्व रहेको नगरहरुमा राजदेवी मन्दिरहरु स्थापित छन् । राजविराजमा



अवस्थित राजदेवी मन्दिर सेनकालीन रहेको दाबी इतिहासकारहरुको छ। राजदेवीकै नामबाट राजविराजमा राजदेवी टोलको नामकरण गरिएको छ ।

मकवानपुरका राजा इन्दुविधाता सेनले सन् १७०७ मा राममन्दिरका आदिमहन्त चतुर्भुज गिरीलाई कुशविर्ताको रुपमा जग्गा प्रदान गरेको ताम्रपत्र प्राप्त हुन्छ । जसलाई सेनपछि शाहवंशी राजाहरुले पनि थमौटी गर्दै आएका थिए ।

अर्कोतर्फ जनकवंशी राजा, रानी तथा राजकुमारीहरु गिरीजा अर्थात् पार्वतीको पूजन गरेको उल्लेख रामचरित मानसलगायतका धार्मिक ग्रंथहरुमा पाईन्छ । प्राचीन मिथिलाको राजधानी जनकपुरधामभन्दा करिब २० किलोमीटर दक्षिणमा अवस्थित गिरिजा स्थान (फुलहर) मा अवस्थित गिरिजा मन्दिरमा दर्शन तथा पूजा गर्न सीता नित्य जाने गरेकी उल्लेख छ । जहाँ राम-जानकीको पहिलो मिलन भएको थियो ।

गोस्वामी तुलसी दास गिरीजा स्थानको शोभा सुन्दर, राम-जानकीको पहिलो मिलन, मिलन बेलाको दुबैको मनोविज्ञान तथा कुल देवी गिरीजाको आशीर्वाद आदिको बृहद् वर्णन गर्नु भएको छ । रामायणमा वर्णित प्रसंग अनुसार, गुरु विश्वामित्रको आज्ञाले राम र लक्ष्मण राजा जनकको फूलवारीबाट फूल टिप्न गएका थिए । गिरीजा स्थान (फूलहर) मा अवस्थित राजा जनकको फूलवारीको भव्यता देखेर दुबै दाजु भाई मन्त्रमुग्ध भए । बाग तरागको सुन्दरता वर्णन गर्दै तुलसी दास लेखेका छन्-

*बागु तडागु बिलोकि प्रभु, हरषे बंधु समेत ।*
*परम रम्य आरामु यहु, जो रामहि सुख देत ॥*

रामचरित मानसमा आएको वर्णन अनुसार, जानकी बाग तडागको मध्यमा अवस्थित सरोवरमा स्नान गरी सहेलीहरुसंग कुलदेवी गिरीजा पूजनको लागि गिरीजा मन्दिर गएकी थिइन् । गरीजा पूजनपश्चात् एक सहेली जानकीलाई बाग तडागमा दुईजना सुन्दर युवक फूल टिप्न आएका तथा श्याम र गौर वर्णका दुबै युवक कामदेवभन्दा पनि सुन्दर रहेको ती सहेलीले जानकारी दिएकी थिइन् ।

सखिको वचन सुनेर अधिर बनेकी सीता तत्कालै रामको दर्शन गर्न गिरीजा मन्दिरबाट पुनः बाग तडाग फर्केकी थिईन । राम जानकीको पहिलो मिलनलाई महाकवि तुलसी दास सुन्दर शब्दमा अभिव्यक्त गरेका छन्-

*अस कहि फिरि चितए तेहि ओरा ।*
*सिय मुख ससि भए नयन चकोरा ॥*
*भए बिलोचन चारु अचंचल ।*
*मनहुँ सकुति निमी तजे दिगंचल ॥*

अर्थात् राम र जानकी एक अर्कोलाई देखेपछि दुबैका आँखा अचंचल (स्थिर) भएका थिए ।

रामसंगको पहिलो मिलन पश्चात् जानकी पुनः गिरीजा पूजनको लागि मन्दिर गएकी थिइन् । अनि जानकीको मनोदशा बुझेर गिरीजा उनलाई आशीर्वाद दिएकी थिईन-

'सुनु सिय सत्य असीस हमारी । पुजिहि मन कामना तुम्हारी ।

अर्थात् हे सीता तिम्रो मनोकामना पूर्ण हुन्छ । तिमी पतिको रुपमा रामलाई प्राप्त गर्ने छौं ।

अन्तमा म पुनः आग्रह गर्न चाहन्छु- जनकपुरलाई धार्मिक सांस्कृतिक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नु छ भने जनकपुरधामका मठ मन्दिर तथा सरोबरहरुलाई अभिलेखीकरण गर्नै पर्दछ । यो अभिलेख तथ्य र प्रमाणमा आधारित हुनु पर्दछ । प्रमाणमा आधारित तथ्यलाई स्वीकार गर्ने वानी बसाल्नु पर्दछ वा अझ प्रामाणिक तथ्य मार्फत आफ्नो मत स्थापित गर्नु पर्दछ ।

*राजदेवी माताले हामी सबैलाई कल्याण गरुन् ।*

## होटल व्यवसायी र मन्त्री पौडेलबीच छलफल

**टुडे समाचारदाता**



जनकपुरधाम । जनकपुरधामको पर्यटन प्रवर्द्धन, होटल व्यवसायीले भोगिरहेका समस्या तथा तिनको समाधानका विषयमा पर्यटनमन्त्री गणेश पौडेल र निजी क्षेत्र तथा होटल व्यवसायीबीच छलफल भएको छ ।

प्रतिनिधिसभा सदस्य मनिष झाको सहभागितामा भएको सो छलफलमा जनकपुरधामलाई धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा विकास गर्ने, स्वदेशी तथा विदेशी पर्यटकको आगमन बढाउने र होटल व्यवसायलाई व्यवस्थित तथा प्रतिस्पर्धी बनाउने विषयमा विचार विमर्श भएको हो ।

छलफलका क्रममा मन्त्री पौडेलले जनकपुरधामको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्त्वलाई पर्यटन विकाससँग जोड्नुपर्ने विषयमा जोड दिए । जनकपुरधामको पर्यटन सम्भावनालाई आर्थिक समृद्धिको आधार बनाउन आवश्यक पूर्वाधार विकास, पर्यटकमैत्री सेवा तथा निजी क्षेत्रसँगको सहकार्य महत्त्वपूर्ण रहेको उनको भनाइ थियो ।

त्यस्तै, प्रतिनिधिसभा सदस्य झाले जनकपुरधामको पर्यटन क्षेत्रलाई चलायमान बनाउन सरकार, निजी क्षेत्र र स्थानीय सरोकारवालाबीच प्रभावकारी समन्वय आवश्यक रहेको धारणा राखे । पर्यटनसँग सम्बन्धित व्यवसायीका समस्या पहिचान गरी तिनको समाधानका लागि नीतिगत तथा व्यावहारिक पहल गर्नुपर्नेमा उनले जोड दिए ।

होटल व्यवसायीहरूले व्यवसाय सञ्चालनका क्रममा भोगिरहेका समस्या, पर्यटन क्षेत्रको विद्यमान अवस्था तथा पर्यटकको बसाइ अवधि र खर्च बढाउन आवश्यक उपायबारे छलफलमा विषय उठाएका थिए ।

जनकपुरधाममा पर्यटकको आगमन बढाउन धार्मिक स्थलहरूको व्यवस्थित प्रवर्द्धन, पर्यटन पूर्वाधारको सुधार, सेवा सुविधाको गुणस्तर वृद्धि र प्रचारप्रसारलाई प्रभावकारी बनाउनुपर्ने विषयमा समेत चर्चा भएको थियो । जनकपुरधाम जानकी मन्दिर, विवाहपञ्चमी, रामजानकी विवाह महोत्सव, छठ तथा मिथिलाको मौलिक कला संस्कृतिका कारण धार्मिक र सांस्कृतिक पर्यटनको महत्त्वपूर्ण केन्द्रका रूपमा परिचित छ ।

यद्यपि, यस सम्भावनालाई स्थानीय अर्थतन्त्र र रोजगारी विस्तारसँग जोड्न सरकारी योजना तथा निजी क्षेत्रको लगानीबीच प्रभावकारी तालमेल आवश्यक देखिन्छ । पर्यटन क्षेत्रको विकाससँगै होटल, यातायात, हस्तकला, स्थानीय उत्पादन तथा अन्य सेवा व्यवसायमा समेत आर्थिक गतिविधि विस्तार हुने विश्वास गरिएको छ ।

जनकपुरधामलाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न सरकार र व्यवसायीबीच निरन्तर सहकार्य तथा छलफलमा उठेका विषयको कार्यान्वयन आवश्यक रहेको सरोकारवालाहरूको धारणा छ ।

## वैश्विक नागरिक शिक्षासम्बन्धी पाँचदिने तालिम सम्पन्न

**टुडे समाचारदाता**



जनकपुरधाम । नेपाल सरकार, शिक्षा विभागको आयोजना तथा मधेस प्रदेश शिक्षा तालिम केन्द्र, बाराको समन्वयमा वैश्विक नागरिक शिक्षासम्बन्धी पाँचदिने कष्टमाइज्ड तालिम सम्पन्न भएको छ ।

जनकपुरधामस्थित श्री संकट मोचन देवशरण रामरती माध्यमिक विद्यालयमा असोज २६ गतेदेखि सञ्चालित सो तालिममा वैश्विक नागरिक शिक्षा, लोकतान्त्रिक मूल्य-मान्यता, मानव अधिकार, वातावरण संरक्षण तथा प्रविधिको प्रभावकारी प्रयोगलगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

शिक्षा विभागका प्राविधिक अधिकृत सरोजकुमार मण्डलको संयोजन र शिक्षा तालिम केन्द्र, बाराका शाखा अधिकृत भागिरथ झाको समन्वयमा सम्पन्न तालिमको उद्घाटन सत्रमा तालिम संयोजक मण्डलले स्वागत मन्तव्य राख्दै तालिमको उद्देश्य र महत्त्वबारे प्रकाश पारेका थिए ।

तालिमका क्रममा वैश्विक नागरिक शिक्षाको परिचय, अवधारणा तथा सिकाइका क्षेत्र, शान्ति शिक्षा, मानव तथा बालअधिकार, नागरिक दायित्व, लोकतान्त्रिक मूल्य-मान्यता, सामाजिक न्याय र समावेशिता लगायतका विषयमा सहजीकरण गरिएको थियो । त्यसैगरी जलवायु परिवर्तन, विपद् व्यवस्थापन, वातावरण संरक्षण, रैथाने ज्ञान, भाषिक, सांस्कृतिक, धार्मिक तथा भौगोलिक विविधता र स्थानीयकरण एवं विश्वव्यापीकरणका विषयमा समेत छलफल गरिएको थियो ।

तालिममा रूपान्तरणमुखी सिकाइ, परियोजनामा आधारित सिकाइ, समस्यामा आधारित सिकाइ, अनुसन्धानमा आधारित सिकाइ, अनुभवमा आधारित सिकाइ तथा कलामा आधारित सिकाइका विधिबारे पनि प्रशिक्षण दिइएको थियो। कृत्रिम बौद्धिकता (एआई) तथा प्रविधिको प्रयोगबाट विश्वव्यापी समुदायसँग कक्षाकोठालाई जोड्ने उपाय, डिजिटल साक्षरता, डिजिटल नागरिकता, सामाजिक सञ्जाल र भ्रामक सूचनाको प्रभावजस्ता समसामयिक विषयवस्तु पनि तालिममा समेटिएका थिए ।

यसका अतिरिक्त मानव मूल्य शिक्षा, सहानुभूति, परानुभूति, भ्रातृत्व, सहअस्तित्व, सहिष्णुता, तनाव व्यवस्थापन तथा आलोचनात्मक चिन्तन, चिन्तनशील सोच, समस्या समाधान, सञ्चार र सहकार्यसम्बन्धी सीप विकासमा जोड दिइएको थियो । समावेशी शिक्षा र विविधताप्रति सम्मान गर्ने संस्कारको विकासलाई पनि तालिमको महत्त्वपूर्ण पक्षका रूपमा समेटिएको थियो ।

शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख प्रतापसिंह धामीको अध्यक्षतामा सम्पन्न समापन सत्रमा मधेस प्रदेश सभाका सभामुख रामआशिष यादव प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए । कार्यक्रममा शिक्षा विभागका प्राविधिक अधिकृत सरोजकुमार मण्डल, रोष्टर प्रशिक्षक एवं मैथिली भाषाका प्रख्यात गायक तथा संगीतकार सुनिलकुमार मल्लिक र शिक्षा तालिम केन्द्र, बाराका शाखा अधिकृत भागिरथ झाको विशेष उपस्थिति रहेको थियो ।

# चाडपर्व लक्षित गरी एकीकृत सुरक्षा योजना

**टुडे समाचारदाता**

जनकपुरधाम । विजयादशमी, दीपावली तथा छठ पर्वलाई लक्षित गर धनुषामा एकीकृत सुरक्षा योजना लागू गरिएको छ । चाडपर्वका समयमा हुन सक्ने अपराधिक गतिविधि नियन्त्रण तथा जिल्लाको शान्ति सुरक्षा व्यवस्था प्रभावकारी बनाउन प्रशासनले सुरक्षा सतर्कता बढाएको हो ।

जिल्लास्थित सुरक्षा निकायका अतिरिक्त गण तथा बाहिनीबाट समेत थप सुरक्षाकर्मी परिचालन गरिएको जिल्ला प्रशासन कार्यालय धनुषाले जनाएको छ । चाडपर्वलाई सुरक्षित, मर्यादित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउने उद्देश्यले सुरक्षा संयन्त्रलाई उच्च सतर्कतामा राखिएको प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले बताएका छन् ।

बडादशैँको महासप्तमीका अवसरमा जनकपुरधामस्थित राजदेवी मन्दिर परिसरमा




आयोजित कार्यक्रममा सुरक्षा अवस्थाबारे जानकारी दिँदै उनले जिल्लाको समग्र सुरक्षा व्यवस्था चुस्त बनाइएको उल्लेख गरे ।

एकीकृतसुरक्षायोजनाअन्तर्गत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, ट्राफिक प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागको संयुक्त सहभागितामा सुरक्षा परिचालन गरिएको छ । चोरी, लुटपाट, जुवातास, कालोबजारीलगायतका अवाञ्छित गतिविधि नियन्त्रण गर्न जनकपुरधामका संवेदनशील क्षेत्रदेखि ग्रामीण भेगसम्म नियमित गस्ती र आकस्मिक जाँचलाई तीव्रता दिइएको छ । त्यसैगरी, मुख्य धार्मिक स्थल, बजार तथा बढी भीडभाड हुने क्षेत्रमा सादा पोसाकमा समेत सुरक्षाकर्मी परिचालन गरी निगरानी बढाइएको प्रशासनले जनाएको छ । प्रमुख जिल्ला अधिकारी लुइँटेलले शान्ति सुरक्षामा खलल पुऱ्याउने तथा कानुनविपरीत गतिविधिमा संलग्न हुने जोकोहीलाई नियन्त्रणमा लिएर कानुनी कारबाही गरिने चेतावनी दिए ।

उनले जिल्लावासीलाई आपसी सद्भाव, भाइचारा र एकता कायम राख्दै चाडपर्व हर्षोल्लासका साथ मनाउन आग्रहसमेत गरेका छन् ।

## कुटपिटमा पाँचजना घाइते, तीन पक्राउ

**टुडे समाचारदाता**

लहान । पुरानो रिसइबीका कारण भएको कुटपिटमा सिरहाको बरियारपट्टी गाउँपालिका-२ खोक्सीमा एकै परिवारका पाँच जना घाइते भएका छन् । घटनामा संलग्न रहेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ समेत गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार असोज ३० गते राति करिब ११:५५ बजे खोक्सीमा पुरानो रिसइबीका कारण स्थानीयबीच कुटपिट भएको थियो। कुटपिटबाट स्थानीय ४५ वर्षीय सुरेन्द्र दास, उनकी श्रीमती ४० वर्षीया उषा देवी दास तथा छोराहरू २५ वर्षीय राधाकृष्ण दास, २२ वर्षीय हरिकृष्ण दास र १७ वर्षीय देवकृष्ण दास घाइते भएका थिए ।

प्रहरीका अनुसार सुरेन्द्रको खुट्टा र दाहिने हातमा, उषाको दाहिने हातमा तथा राधाकृष्णको टाउकोमा चोट लागेको थियो। हरिकृष्ण र देवकृष्णलाई भित्री चोट लागेको बताइएको छ। घाइते पाँचै जनालाई उपचारका लागि प्रादेशिक अस्पताल सिरहा पठाइएको थियो। उपचारपछि उनीहरूलाई असोज ३१ गते बिहान डिस्चार्ज गरिएको प्रहरीले जनाएको छ ।

कुटपिटपछि आक्रोशित बनेको समूहले दुईवटा मोटरसाइकलमा आगो लगाएको प्रहरीको प्रारम्भिक विवरणमा उल्लेख छ। करिब १५० देखि २०० जनाको समूहले मोटरसाइकलमा आगो लगाएको बताइएको छ। आगलागीबाट दुवै मोटरसाइकल पूर्ण रूपमा जलेर नष्ट भएका छन् ।

तीमध्ये एउटा मोटरसाइकलको नम्बर खुल्न सकेको छैन भने अर्कोको नम्बर बीआर-३२ यू ६०१६ रहेको प्रहरीले जनाएको छ। दुवै मोटरसाइकलका धनीको पहिचान खुल्न सकेको छैन ।

घटनाको सूचना प्राप्त हुनासाथ प्रहरी चौकी जानकीनगरबाट प्रहरी सहायक निरीक्षक ओम प्रमोद साहको कमान्डमा प्रहरी टोली घटनास्थल पुगेको थियो। स्थिति नियन्त्रणमा लिन इलाका प्रहरी कार्यालय महेशपुर पतार, बरियारपट्टी, झाझपट्टी तथा प्रहरी चौकी कचनारीबाट समेत थप प्रहरी परिचालन गरिएको थियो ।

प्रहरीले असोज ३१ गते बिहान कुटपिटमा संलग्न रहेको आरोपमा टुनटुन भन्ने राजकुमार यादव, कृष्ण यादव र कपिल यादवलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी रमेशबहादुर पालले जानकारी दिए ।

पक्राउ परेका तीनै जनालाई आवश्यक अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय महेशपुर पतारमा राखिएको प्रहरीले जनाएको छ । घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजी भइरहेको र घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले बताएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८